# एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा

**भक्तपुर/मस–** राष्ट्रिय परीक्षा बोर्डले यही चैत्र १५ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। यसवर्षको एसईई परीक्षाका लागि देशभर दुई हजार ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ।

चैत १५ गतेदेखि शुरु भइ २७ गतेसम्पन्न हुने परीक्षाका लागि बोर्डले उक्त संख्यामा परीक्षा केन्द्र निर्धारण गरेको बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले जानकारी दिए। उनका अनुसार यसवर्ष देशभरबाट करिब पाँच लाख विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन्। यसवर्ष पनि जापानमा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए।

परीक्षाका लागि बोर्डले पाँच लाख प्रश्नपत्र छापिसकेको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए। पाँच लाख चार हजार ४१४ जनाले परीक्षाको फाराम भरे पनि परीक्षामा केही विद्यार्थीको संख्या घट्न सक्ने उनले बताए।

पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७६ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको बताउँदै काठमाडौं जिल्लामा परीक्षाको अघिल्लो दिन मात्रै पठाइने जानकारी दिए। 'प्रत्येक विषयको परीक्षाका दिन परीक्षा



शुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्न पत्र पठाइनेछ', उनले भने।

परीक्षाका लागि आवश्यक पर्ने उत्तर पुस्तिका एवम् अन्य सामग्री कार्यालयले सातै प्रदेशमा पठाएको जानकारी दिँदै परीक्षा नियन्त्रक पौडेलले प्रदेश र जिल्लाले गर्ने तयारी पनि भइरहेको बताए। उनका अनुसार आवश्यक बजेट सातवटै प्रदेश सरकारअन्तर्गत सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ।

नेपाल बाहिर जापानमा बसेका नेपाली विद्यार्थीले यसवर्ष पनि जापानबाटै परीक्षा दिन पाउने भएका छन्। बोर्डले यसवर्षको परीक्षाका लागि एक परीक्षा केन्द्र निर्धारण गरेको छ। जापानबाट २३ जना विद्यार्थीले एसईई दिने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए।

प्रत्येक परीक्षा केन्द्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष एक/एक, तीन सय विद्यार्थी रहेको केन्द्रमा दुई सहायक केन्द्राध्यक्ष, दुई विद्यार्थी बराबर एक निरीक्षक, एक सय ५० देखि दुई सय सम्म परीक्षार्थी भएकोमा एक सहयोगी र त्योभन्दा बढी परीक्षार्थी रहेको केन्द्रमा दुई सहयोगी खटाइने उनको भनाइ छ।

परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मी परिचालन गरिने र सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिले गर्ने व्यवस्था गरिएको परीक्षा बोर्डले जनाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' जारी गरेको थियो। यसवर्षको परीक्षामा बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' लागू गरेको जनाएको छ।

विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने व्यवस्था रहेकामा यसवर्ष निर्देशिका कार्यान्वयनमा आएपछि पहिलो पटक बोर्डले एसईई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने व्यवस्था गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए।

परीक्षार्थी कम्तीमा सैद्धान्तिक विषयमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने भन्दै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ अंक र ७५ पूर्णांक रहेको विषयमा २७ अंक ल्याउनुपर्ने उनले बताए। परीक्षा नियन्त्रक पौडेलका अनुसार ३५ प्रतिशतभन्दा कम अंक ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनःमौका परीक्षामा सहभागी हुनुपर्नेछ। ३५ अंक ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको उनले जानकारी दिए। उनका अनुसार विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन्।

# बालिका सशक्त परियोजनाले मुकेशलाई बनायो जिम्मेवार बुबा

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ७ चैत

बर्दियाको बारबर्दिया नगरपालिका वडा नम्बर ५ बनघुस्री गाउँका मुकेश थारुले आफ्नो २ वर्षीय छोरालाई हुर्काउन निकै समय दिने गरेको अनुभव सुनाए। बच्चालाई आवश्यक खानेकुरा उनी घरमा तयार गरेर खान दिन्छन्। उनी भन्छन्, 'बाहिरको खाना बच्चालाई दिन हुन्न भन्ने कुराको ज्ञान मलाई त्यति बेला भो जब परियोजनाको सहयोगमा निर्माण गरेको समुहमा गएर बुझ्न थालें।' घरमा छोराछोरीलाई हुर्काउन श्रीमति वा महिलाको मात्र भूमिका हुन्छ भन्ने सोचको विरोधी रहेका मुकेश आफनो भूमिका आफैं बुझेका छन्।

मुकेशले यसको श्रेय दिन्छन्, 'बालिका सशक्त परियोजना' लाई। प्लान इन्टरनेशनल नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रद्वारा सञ्चालित बालिका सशक्त परियोजना गाउँमै पुगेपछि बालबालिकाको शारीरिक, मानसिक विकाससँग लक्षित कार्यक्रममा श्रीमतिसँगै सहभागी भएका मुकेश बच्चालाई हुर्काउन उसको आमा मात्र नभइ बाबाको पनि उत्तिकै जिम्मेवारी हुने गरेको कुरा थाहा पाएका हुन्।



छोरालाई सानैदेखि स्याहार सुसारमा आफु नजिकदेखि लागेको उनी सुनाउँछन्। उनी खुशी हुँदै हसिलो मुद्रामा भने, 'बच्चालाई कसरी सर्वाङ्गिर्ण विकास गर्न सकिन्छ भन्ने सबैथोक थाहा पाएँ। गाउँमा गर्भवति महिलालाई घरदेखि अस्पतालमा बच्चा नजन्मदा सम्मका सबै प्रकारका चेकजाँच लगायत विषयमा समेत मैले जानकारी पाएको छु।' उनले स्वास्थ्य चेकजाँच, पोषिलो खानपिन, सरसफाइबारे सचेतना फैलाउने कार्य घरदेखि समाजका अन्य साथीभाइलाई समेत गरेका छन्।

जसका कारण गाउँले आफुलाई सकारात्मक दृष्टिले समेत हेर्ने गरेको उनी बताउँछन्। मुकेशलाई प्रारम्भिक बाल विकासबारे धेरै जानकारी भएको बताए। बालबालिकाको सामुन्नेमा कुन शब्दको प्रयोग गर्नेदेखि लिएर अन्य मानिससँग कस्तो व्यवहार गर्न लगाउने सम्मको सबै कुरा छोरालाई बुझाउने गरेको उनले बताए।

एक गैरसरकारी संस्थामा समेत आबद्धता जनाउने २९ वर्षीय मुकेश, श्रीमती अन्य काममा व्यस्त रहँदा छोराको दिसा सफा गर्ने, लुगा फेर्ने, नुहाई दिने लगायतको काम मैले आफै गर्ने गरेको अनुभव सुनाए।

मुकेशका अनुसार परियोजनाले आफुलाई थप जिम्मेवार बुबा बनाएको बताउँछन्। उनले भने, 'बालबालिकालाई असल स्याहार र पोषणमा कसरी ध्यान दिने विषयमा जानकारी पाएँ। सिकेको कुराहरु व्यवहारमा लागु गर्दै छु।'

### विनोद...

हुनसक्ने आशंका प्रहरीको छ। यसअघि, सीआईबीले बाँसबारीमा रहेको सरकारी जग्गा हड्पिएको बारे डिल्लीबजार मालपोत कार्यालयलाई पनि लिखित जानकारी गराएको थियो। सरकारको निर्णयविनै १० रोपनीमा चाँदबाग रेसिडेन्सीको नाममा व्यक्तिगत बनाएको भन्दै सीआईबीले जफतका लागि जानकारीसहित पत्राचार गरेको हो। विनोद चौधरीमाथि २०४३ सालमा स्थापित च्याम्पियन फुटवेयरको नाममा सरकारी स्वामित्वको जमिन २०५१ सालका व्यक्तिको बनाएको आरोप छ। त्यही जमिनमा अहिले चौधरी समूहकै चाँदबाग स्कुल सञ्चालन हुँदै आएको छ।

### प्रि-बजेट...

अर्ब ८६ करोड रूपैयाँ ऋण लिइसकेको १ खर्ब २६ अर्ब ३ करोड आन्तरिक तथा ऋण रकमको साँवा भुक्तानीमा खर्च भएको छ। यसको विकासको नाममा लिइएको ऋण ऋण तिर्नमै खर्च भएको छ। जसले गर्दा विकास निर्माण ठप्प प्राय छ।

**बढ्दो ऋण, व्याज तिर्नै सकस**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांअनुसार सरकारले वर्षेनी ठूलो रकम ब्याज भुक्तानी गर्नुपरेको छ। तथ्यांकअनुसार चालू आर्थिक वर्षको फागुन महिनासम्ममा नेपालको कूल ऋण दायित्व २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण ११ खर्ब ८५ अर्ब ५२ करोड छ भने १२ खर्ब २ अर्ब ७३ करोड वैदेशिक ऋण छ। नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा ४४ प्रतिशत हाराहारी सार्वजनिक ऋण पुगिसकेको यो तथ्यांकले देखाउँछ। चालू आर्थिक वर्षको ८ महिनामा मात्रै सरकारले आन्तरिक र बाह्य गरी १ खर्ब ७५ अर्ब ५० करोड भुक्तानी गरिसकेको छ। यसमध्ये ४९ अर्ब ४६ करोड रूपैयाँ ब्याज मात्रै भुक्तानी भएको हो। गत आर्थिक वर्ष २०७९/८० मा सरकारले ७२ अर्ब ९९ करोड रूपैयाँ ब्याजबापत बुझाएको छ। सो आर्थिक वर्षमा सरकारले १ खर्ब ३४९ अर्ब ७३ करोड रूपैयाँ सावा बापत भुक्तानी गरेको छ। अघिल्लो आर्थिक वर्ष २०७८/०७९को तथ्यांअनुसार ४५ अर्ब १२ करोड ब्याज भुक्तानी भएको छ भने ७६ अर्ब ७४ करोड रूपैयाँ साँवा तिरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा सरकारको ऋण भुक्तानीको तथ्यांक हेर्दा कूल ९५ अर्ब १ करोड मध्ये ३४ अर्ब ६३ करोड रुपैयाँ व्याज मात्रै तिरेको छ। सो आर्थिक वर्षमा कूल भुक्तानीको ३६.४४ प्रतिशत रकम व्याज मात्रै हुन आउँछ। यसअघि अघि आर्थिक वर्ष २०७१/०७२ को मात्रै तथ्यांक हेर्दा नेपालले भुक्तानी गरेको कूल रकमको १२ दशमलव ५९ प्रतिशत मात्रै व्याज थियो। अर्थात् सो आर्थिक वर्षमा भुक्तानी गरेको ७३ अर्ब ७६ करोडमध्ये ९ अर्ब २९ करोड मात्रै व्याज थियो। सो आर्थिक वर्षमा नेपालको कूल सार्वजनिक ऋण ५ खर्ब ४५ अर्ब मात्रै थियो। तर, सरकारले हरेक वर्ष घाटा बजेट बनाउने र पूर्ति गर्न सार्वजनिक ऋण लिने प्रवृत्तिका कारण ऋणको भार थपिइरहेको छ।

### श्रममन्त्रीसँग...

रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि संघसँग सहकार्य गरी मन्त्रालय अगाडि बढ्ने र मन्त्रालयले गर्ने नीतिगत निर्णयहरुमा सरोकारवालासँग समन्वय गर्ने आश्वासन दिएको पनि महासचिव भुर्तेलले बताए।

जापान, कोरिया र इजरायलका सम्बन्धमा नेपाल सरकारले सरकारीस्तरमा नेपाली कामदार पठाउने निर्णय गरी सम्झौता र समझदारी गरेकाले त्यसलाई कार्यान्वयनमा नलगी परिवर्तन गर्ने प्रवृत्तिले अन्तर्राष्ट्रिय स्तरमा नेपालको छविमा नै प्रश्न उठ्ने भन्दै मन्त्री अर्यालले सरकारले नै कामदार पठाउन उचित हुने धारणा राखेका थिए। मंगलबार मन्त्री अर्यालले मन्त्रालयले विज्ञसहितको कार्यदलले अध्ययन गरिरहेकाले उक्त कार्यदलको प्रतिवेदनपछि धेरै विषयमा पुनर्विचार गरिने बताएका थिए।

त्यसैगरी मन्त्री अर्याललाई नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले पनि भेट गरी बधाई तथा शुभकामना दिएको छ। महासंघका अध्यक्ष राजाराम गौतमले श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्कका विषयमा मन्त्री अर्यालका तर्फबाट मंगलबार सार्वजनिक धारणाबारे महासघंको भनाइ राखेका थिए। जवाफमा मन्त्री अर्यालले मन्त्रालयले त्यस विषयमा पनि मन्त्रालयले अध्ययन गरिरहेकाले प्रतिवेदन आइ अर्को निर्देशन नहुँदासम्मका लागि अभिमुखीकरण तालिमको शुल्क ७ सय नै तोकिएको, तर बढ्ने शुल्कअनुसार वैदेशिक रोजगारमा जाने कामदार अभिमुखीकरण तालिमबाट लाभान्वित हुने सुनिश्चितता भए शुल्क बढाउने विषयमा मन्त्रालयलाई आपत्ति नरहेको बताएको अध्यक्ष गौतमले जानकारी दिए।

### आठ...

चालु आर्थिक वर्षको फागुन महिनासम्ममा एक हजार ६३२ जना श्रमिकले टेलिमेडिसिन सेवा लिएको जानकारी मन्त्री अर्याललाई दिइएको छ। मलेसियामा रहेका नेपालीले बढी मात्रामा टेलिमेडिसिन सेवा लिने गरेका छन्। मलेसियाबाट ३९४ जना, साउदी अरबबाट ३१० जना, यूएईबाट १९२ जना, कतारबाट १७५ जना, कुवेतबाट १७१ जना, दक्षिण कोरियाबाट १५७ जना, ओमानबाट ५७ जना, साइप्रसबाट ५३ जना, जापानबाट ४० जना, रोमानियाबाट ३५ जना, बहराइनबाट १२ जना, जाम्बियाबाट १० जना, जर्मनीबाट ९ जना, माल्दिभ्सबाट ७ जना, इराकबाट ४ जना, माल्टाबाट ३ जना, युकेबाट १० र अफ्रिकाबाट एक जनाले टेलिमेडिसिन सेवा लिएका छन्।

टेलिमेडिसिन सेवामार्फत ४ सय जना श्रमिकलाई स्वास्थ्य तथा औषधिसम्बन्धी परामर्श उपलब्ध गराइएको बताइएको छ। टेलिमेडिसिन सेवासम्बन्धी जानकारी लिँदै मन्त्री अर्यालले यो सेवालाई अझै चुस्त तथा प्रभावकारी बनाइने बताएको पनि मन्त्री अर्यालको निजी सचिवालयले जनाएको छ।

### पाँचथरकी...

बिदाको दिन एक्लै कोठामा रहेकी उनले ढोका बन्द गरेर आत्महत्या गरेको उनले बताए। सँगै बस्ने साथीहरु कामबाट आएर राति ढोका खोल्न खोज्दा नखुलेपछि प्रहरीलाई खबर गरेको र प्रहरी आएर ढोका खोल्दा चेम्जोङ झुण्डिएको अवस्थामा फेला परेको प्रहरीलाई उद्धृत गर्दै सुवेदीले बताए। रोजगारीका सिलसिलामा साइप्रस हुँदै १५ महिनाअघि पोर्चुगल आएकी चेम्जोङ मदेइरास्थित एक होटलमा कार्यरत थिइन्। उनी होटलले उपलब्ध गराएको कोठामा अन्य साथीहरुसँगै बस्दै आएकी थिइन्।

चेम्जोङले के कारणले आत्महत्या गरेको हो भन्ने विषय भने खुलिनसकेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले जानकारी दिए। उनको शव परीक्षणका लागि मदेइरास्थित एक अस्पतालको शवगृहमा राखिएको महावाणिज्यदूत हमालले बताए।

घटनाको विषयमा परिवारलाई जानकारी गराइसकिएको र उनको शव नेपाल पठाउने वा यहीँ अन्त्यष्टि गर्ने भन्ने विषयमा छलफल भइरहेको उनले बताए। चेम्जोङकी ८ वर्षीया छोरी र श्रीमान नेपालमा रहेका छन्।


**Invitation for Bids**

## Gramthan Rural Municipality

**Date of publication: 2080/12/08**

1. ***Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Gramthan Rural/ncb/ Works/11-080/081 | Ward no-07 bibhinna sadak kalopatre (Package) | 7140091.76 | 3000 | 1,70,000 | |
| 2 | Gramthan Rural/ncb/ Works/12-080/081 | Bibhinna Sadak Kalopatrey Gramthan Gaupalika 3 (Package 2) | 8570554.11 | 3000 | 2,02,000 | |

## Thalara Rural Municipality
## Office of Rural Municipal Executive
**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

**Invitation for Sealed Quotation for the Fabrication and Procurement of Goods**

**Date of First Publication: 2080/12/08 (March 21, 2024)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of goods and works mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount (NRs) with VAT | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| NCB/TRM/GOODS/ 04/2080/81 | Supply and delivery of Sanitary Pads having the minimum requirements as per Sanitary Pad (Distribution & Management) Norms, 2076 to the road head Jhanana Bajhang | 1,279,160/- | 32,000/- | 1000/- | 45 days |
| NCB/TRM/GOODS/ 05/2080/81 | Procurement and supply of Fabricated Steel Parts of Pari Gaad Suspended Bridge Thalara -8, Bajhang to the road head Jhanana Bajhang | 1,270,918.99/- | 31,800/- | 1000/- | 45 days |

Purschase, Submission and Opening:

| Contract ID | Last Date of Bid Purchase | | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| NCB/TRM/GOODS/ 04/2080/81 | 2080/12/22 (2024/04/04) | 17:00 Noon | 2080/12/23 (2024/04/05) | 12:00 Noon | 2080/12/23 (2024/04/05) | 14:00 Noon |
| NCB/TRM/GOODS/ 05/2080/81 | | | | | | |

| Bank Name & Address | Office Name Account Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account No. | Account Name | Account No. | |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 184010261230016 |

- Tender document shall follow Public Procurement Act 2063 (Latest Amendment) Public Procurement Regulation 2064 (Latest Amendment).
- Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit non-refundable cost of bidding document.
- The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.